बुढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुढानीलकण्ठ नगर अस्पताल
बुढानीलकण्ठ-१६, बालाखोनी, काठमाडौं
बागमती प्रदेश, नेपाल।

मिति: २०८३/०७/२७

प.सं.: ०८३/०८४
च.नं.: ८६

श्री एक्स-रे सप्लायर्स सबै

विषयः लागत अनुमानका लागि दरभाउ उपलब्ध गराइदिने सम्बन्धमा।

प्रस्तुत विषयमा बुढानीलकण्ठ नगरपालिकाद्वारा सञ्चालित यस बुढानीलकण्ठ नगर अस्पतालको एक्स-रे सेवा एकाइलाई थप व्यवस्थित तथा प्रभावकारी रूपमा सञ्चालन गरी बिरामीहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले आ.व. २०८३/०८४ का लागि **X-ray System with Flat Panel Detector System (500 mA or More)** खरिद गर्नुपर्ने भएकोले उक्त उपकरणको लागत अनुमान तयार गर्न आवश्यक भएको छ।

अतः यस पत्रसाथ संलग्न प्राविधिक स्पेसिफिकेसनबमोजिमको उपकरणको विस्तृत प्राविधिक विवरणसहितको आधिकारिक दरभाउ (Quotation) पत्र प्राप्त भएको मितिले ७ (सात) दिनभित्र यस अस्पतालमा उपलब्ध गराइदिनुहुन अनुरोध छ।

साथै, संलग्न प्राविधिक स्पेसिफिकेसनको अध्ययन गरी कुनै प्राविधिक सुधार, थपघट वा परिमार्जन गर्नुपर्ने देखिएमा सोसम्बन्धमा आवश्यक राय, सुझाव तथा सिफारिससमेत उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु।

दरभाउमा उपकरणको उत्पादक कम्पनी, ब्रान्ड, मोडेल, विस्तृत प्राविधिक विवरण, मूल्य अभिवृद्धि करबाहेकको मूल्य, मूल्य अभिवृद्धि कर तथा करसहितको कुल मूल्य, वारेन्टी अवधि, जडान, सञ्चालन तथा आवश्यक प्राविधिक तालिमसम्बन्धी विवरणसमेत स्पष्ट रूपमा उल्लेख गरिदिनुहुन अनुरोध छ।

गोपाल प्रसाद पोखरेल
प्रमुख कार्यकारी अधिकृत

बुढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुढानीलकण्ठ नगर अस्पताल
बुढानीलकण्ठ-१०, बालुवाखानी, काठमाडौं
बागमती प्रदेश, नेपाल।

तपसिल

S.N.	Particulars	Specifications	unit	Qty	Remarks
1	X-ray system with flat panel detector system	500 mA or more	Set	1	

संलग्नः विस्तृत प्राविधिक स्पेसिफिकेसन – १ प्रति।

Contact No. 01-4164123
Email: budhanilkantha.hospital@gmail.com